# नासो कथामा लोकसंस्कृति

■ डा. एकनारायण पौड्याल*

enpaudyal@gmail.com

**सार**

प्रस्तुत लेखमा गुरुप्रसाद मैनालीद्वारा लिखित नासो कथासङ्ग्रहमा सङ्गृहीत 'नासो' शीर्षकको कथालाई लोकसंस्कृतिका आधारमा अध्ययन गरिएको छ । लेखमा कथाको विश्लेषण गर्नुपूर्व लोक र संस्कृति शब्दका अर्थ दिनाका साथै उक्त दुई शब्दका योगद्वारा निर्मित लोकसंस्कृति शब्दको तात्पर्यार्थ प्रस्तुत गरिएको छ । गुणात्मक प्रकृतिको यस अध्ययनमा विश्लेषित कथा र लोकसंस्कृतिका बारेमा उल्लेख गरिएका प्राथमिक र द्वितीयक स्रोतका सामग्री प्रयोग गरिएको छ । विश्लेषणका लागि मानदण्ड तयार गर्दा आगमनात्मक विधि अवलम्बन गरिएको छ । लोकसंस्कृतिसँग सम्बन्धित लोकरीति, लोकधर्म, लोकसंस्कार, लोकविश्वास र लोकउपचारलाई मानदण्ड बनाई व्याख्यात्मक एवम् विश्लेषणात्मक विधिद्वारा कथाको विश्लेषण गरिएको छ । निष्कर्षका रूपमा नेपाली ग्रामीण समाजको रीतिरिवाज, धर्म, संस्कार, लोकको आस्था र विश्वास, लोकले विश्वास गर्दै आएको परम्परागत उपचारपद्धति आदि संस्कृतिसम्बद्ध पक्षको स्वाभाविक र सुन्दर किसिमले प्रयोग गरिएका कारण कथा सफल र प्रभावकारी रहेको कुरा उल्लेख गरिएको छ ।

**शब्दकुञ्जी** : नासो, लोकजीवन, लोकविश्वास, लोकसंस्कृति, संस्कार ।

## १. विषयपरिचय

'नासो' गुरुप्रसाद मैनाली (१९५७-२०२८) द्वारा लिखित *नासो* (२०२६) नामक कथासङ्ग्रहमा रहेका एघारवटा कथामध्येको पहिलो हो । मैनालीको एक मात्र कथासङ्ग्रह नासोमा समेटिएका सबैजसो कथा लोकसंस्कृतिमा आधारित आदर्शोन्मुख सामाजिक यथार्थवादी छन् । उनका कथामा खासगरी नेपालको ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसहरूको जीवनपद्धति, लोकरीति, लोकव्यवहारजस्ता कुरा उतारिएको पाइन्छ । समाज तथा परिवारभित्र हुने झैझगडा, रिसराग, मेलमिलाप, सहयोग, कर्तव्य पालना, असहयोग, धार्मिक आस्था, ऐँचोपैँचो आदि यावत् व्यवहारलाई यथार्थ रूपमा

* पौड्याल वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुरमा प्राध्यापनरत हुनुहुन्छ ।

चित्रण गरिएको पाइन्छ । भाषागत सरलता, शैलीगत रोचकता र विषयवस्तुगत यथार्थताका कारण मैनालीका कथा रोचक छन् । नेपाली साहित्यमा कथाविधालाई आधुनिक रूप दिने मुख्य कथाकारका रूपमा परिचित मैनालीका कथा सङ्ख्याका दृष्टिले थोरै भए पनि गुणवत्ताका दृष्टिले स्तरीय छन् । उनका कथाको सबभन्दा महत्त्वपूर्ण विशेषता भनेको नै नेपाली लोकजीवनलाई जस्ताको तस्तै रूपमा उतार्नु हो । यसैले उनका कुनै पनि कथा लोकसंस्कृतिका दृष्टिले विश्लेषणीय छन् । सङ्गृहीत कथाहरूमध्ये ‘नासो’मा लोकजीवनको यथार्थ प्रस्तुति पाइने हुँदा यो लोकसंस्कृतिका दृष्टिले अझ बढी विश्लेषणीय छ ।

कुनै पनि देश वा क्षेत्रमा बस्ने जनसामान्यको दिनचर्या वा जीवनशैली नै लोकजीवन हो । लोकजीवनको सम्बन्ध लोकसंस्कृतिसँग हुन्छ । लोकसंस्कृति देश वा ठाउँअनुसार फरक फरक किसिमको हुन्छ । यो देशअनुसार फरक फरक हुनाका साथै क्षेत्र, जाति, धर्म आदि आधारमा पनि भिन्न भिन्न किसिमको हुन्छ । कतिपय कुरामा समानता पाइए पनि जाति, धर्म, संस्कृतिजस्ता कुराका भिन्नताले लोकसंस्कृति पनि भिन्न हुन्छ । राष्ट्रभित्रका सांस्कृतिक विविधताका समग्रताबाट राष्ट्रिय संस्कृति निर्माण भएको हुन्छ । साहित्यमा तिनै विविध किसिमका संस्कृतिमध्ये एक वा सोभन्दा धेरै पक्षको चित्रण भएको हुन्छ । धेरै वा थोरै संस्कृति नझल्की सिर्जना नै हुँदैन । अतः मैनालीका कथा पनि संस्कृति एवं लोकसंस्कृतिका दृष्टिले महत्त्वपूर्ण छन् ।

मैनालीका कथामा खासगरी नेपालका ग्रामीण क्षेत्रमा बस्ने र कृषि पेसा अवलम्बन गर्ने परम्परागत समाजको चित्रण भएको पाइन्छ । ग्रामीण समाज सहरका अपेक्षा कम शिक्षित हुने र यसले बढी धर्म, परम्परा, सहयोगीपना, अन्धविश्वासजस्ता पक्ष अवलम्बन गर्ने हुँदा मैनालीका कथामा लोकसंस्कृतिको खोजी गर्नु विषयका दृष्टिले उपयुक्त देखिन्छ । यसअघि लोकसंस्कृतिका पक्षबाट अध्ययन नभएकाले पनि यस आधारमा अध्ययन गर्न उपयुक्त देखिएको छ । यसैले प्रस्तुत शीर्षक चयन गरिएको हो ।

## २. अध्ययनविधि तथा विश्लेषणको सैद्धान्तिक ढाँचा

यो अध्ययन गुणात्मक प्रकृतिको हो । यसमा पुस्तकालयलाई आधार बनाई अध्ययन गरिएको छ । यसको प्राथमिक स्रोतका रूपमा नासो कथासङ्ग्रह रहेको छ भने द्वितीयक स्रोतका रूपमा ‘नासो’ कथाका बारेमा र लोकसंस्कृतिका बारेमा लेखिएका सामग्री रहेका छन् । सम्बन्धित कथालाई नै अध्ययनसामग्री बनाइएको यस अनुसन्धानमा व्याख्यात्मक एवं विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ । अध्ययनका क्रममा कथाभित्र लोकसंस्कृतिको खोजी गर्नका लागि केही मानदण्ड तयार गरिएको छ र निर्धारित मानदण्डका आधारमा कथाको विश्लेषण गरी अन्त्यमा निष्कर्ष दिइएको छ ।

यस अध्ययनमा मूलतः नासो कथाले नेपाली लोकसंस्कृतिका केकस्ता पक्षको चित्रण गरेको छ भन्ने समस्याको समाधान खोजिएको छ । संस्कृतिभित्र लोकप्रिय संस्कृति पनि समेटिन्छ तथापि यहाँ

लोकसंस्कृतिको मात्र अध्ययन गरिएको छ । 'लोकसंस्कृति' लोक र संस्कृति दुईवटा शब्द मिलेर बनेको व्युत्पन्न शब्द हो । लोकका अर्थ धेरै छन् तापनि सामान्यतया यसले स्थान र जनसमुदाय भन्ने अर्थ जनाउँछ । संस्कृतिले परिष्कृत चालचलन भन्ने जनाउँछ । अझ व्यापक अर्थमा भन्दा संस्कृति भन्नाले संस्कारयुक्त सद्गुणहरूको साझा स्वरूप भन्ने बुझिन्छ (पराजुली, २०५७, पृ.२०) । यसबाट खास स्थान वा समुदायको माझिएको चालचलन भन्ने अर्थ निस्कन्छ । तात्पर्यमूलक अर्थमा भने लोक भन्नाले जनसामान्य र संस्कृति भन्नाले उनीहरूसँग सम्बद्ध चालचलन, रीतिरिवाज, खानपान, विश्वास आदि कुरा भन्ने बुझिन्छ । दुवै शब्दलाई मिलाएर लोकसंस्कृतिको तात्पर्यमूलक अर्थ खोज्दा यसभित्र समाजमा चल्दै आएका रीति, धर्म, विश्वास, संस्कार आदि धेरै कुरा समेटिएको पाइन्छ जसभित्र परिष्कृत तथा अपरिष्कृत दुवै किसिमका विषयवस्तु पर्दछन् । यदि कुनै विषय वा व्यवहार अन्धविश्वासमा आधारित छ भने त्यो पनि लोकसंस्कृतिभित्र नै पर्दछ ।

लोकसंस्कृति लोकजीवनसँग जोडिएको मौलिक र परम्परादेखि चलिआएको संस्कृति हो । अतः यसको सम्बन्ध रोकरीतिसँग रहेको हुन्छ । यसभित्र मानवजीवनसँग जोडिएका धेरै विषय पर्दछन् । अझ विस्तृतमा भन्दा परम्परादेखि चलिआएको आचारविचार, आहारविहार, रीतिरिवाज, सामाजिक संरचना, चाडपर्व, संस्कार, धार्मिक प्रचलन आदि यावत् कुहाहरू लोकसंस्कृतिभित्र पर्दछन् (लामिछाने, २०७७, पृ.५५) । यसैले लोकसंस्कृतिको सम्बन्ध लोकवार्तासँग पनि छ तर लोकवार्ताको विषयक्षेत्र अझ विस्तृत हुन्छ । हुन त लोकवार्ता र लोकसंस्कृतिलाई कतिपय विद्वान्ले एकै रूपमा हेरेका छन् भन्ने कुरा उल्लेख भएको पाइन्छ (थापा र सुवेदी, २०, पृ.७) तर लोकवार्ता र लोकसंस्कृतिका बिच निकट सम्बन्ध भए पनि यिनलाई एकै वा उही रूपमा हेर्न मिल्दैन । लोकसंस्कृतिभन्दा लोकवार्ताले बढी अर्थसन्दर्भ समेटेको देखिन्छ । लोकवार्ताका लागि अङ्ग्रेजीमा फोकलर शब्द प्रयोग गरिने र लोकसंस्कृतिका लागि फोक कल्चर शब्द प्रयोग गरिने अनि फोकलरभित्र फोक कल्चर मात्र नभई अन्य विषय पनि समेटिने भएकाले लोकसंस्कृतिभन्दा लोकवार्ताको अध्ययनक्षेत्र व्यापक भएको बुझिन्छ । त्यसैले यहाँ लोकसंस्कृतिलाई आधार बनाएर 'नासो' कथाको विश्लेषण गरिएको छ । यसका लागि कथाको विषयवस्तु हेरेर संस्कृतिसम्बद्ध निम्नलिखित मानदण्ड तयार गरिएको छ :

(क) लोकरीति

(ख) लोकधर्म

(ग) लोकसंस्कार

(घ) लोकविश्वास

(ङ) लोकउपचार

उपर्युल्लिखित मानदण्डलाई आधार बनाई कथाको विश्लेषण गरिएको छ ।

## ३. नासो कथामा लोकसंस्कृति

'नासो' नेपालको ग्रामीण क्षेत्रमा बस्ने मध्यवित्त ब्राह्मण परिवारमा सन्तान नभएपछि दोस्रो विवाह गर्ने चलन र त्यसले निम्त्याउन सक्ने असहज पारिवारिक वातावरणमा आधारित कथा हो । कथाअनुसार कति नै उपाय गर्दा पनि देवीरमणका सन्तान हुँदैनन् । सन्तान नभएपछि उनले दोस्रो विवाह गर्दछन् र कान्छी श्रीमती लक्ष्मीबाट छोरो जन्मिन्छ । घरपरिवारका सदस्य सबैजना खुसी हुन्छन् । केही समयपछि देवीरमण जेठी श्रीमती सुभद्रालाई एक वचन पनि नसोधी गाउँलेका साथ कान्छी श्रीमतीसहित तीर्थाटनका लागि निस्कन्छन् । यस व्यवहारबाट सुभद्राको मन फाट्दछ । तीर्थाटनबाट फर्किएपछि प्रायः लक्ष्मी र सुभद्राका बिच मनोमालिन्य बढ्दै गएर त्यसले दैनिक झगडाको रूप लिन थाल्दछ । देवीरमण समस्याको समाधान गर्न अक्षम देखिन्छन् । यस्तैमा एक दिन सुभद्रा रातका समयमा घरबाट निस्किन्छिन् र पशुपतिमा फुपूसँगै बस्दछिन् । यता सुभद्रा हिँडेपछि बस्तुभाउ दुब्लाउँछन् । घरमा नोकरचाकर कोही पनि दुई टिक्दैनन् । देवीरमण, बालक छोरो सुशील र लक्ष्मी पनि दुब्लाउँदै रोगी हुँदै जान्छन् । आफूले गरेको व्यवहारप्रति देवीरमण र लक्ष्मीलाई पछुताउ हुन्छ । देवीरमणलाई आफूले सुभद्रालाई न्याय गर्न नसकेको महसुस हुन्छ । सौताका छोरा (सुशील) ले पनि आमा कहिले आउनुहुन्छ भनेर सोधिरहन्छ । घरको यस्तो दयनीय अवस्थाबारे सतबीज छर्न पशुपति गएकी नोकर्नी नौलीले सुभद्रालाई जानकारी गराउँछिन् । नौलीका कुरा सुनेपछि सुभद्रालाई पनि आफूले नकाम गरेको महसुस हुन्छ । उता नौलीले सुभद्रासँग भेट भएको र आफूले घरको वर्तमान अवस्थाबारे सबै कुरा सुभद्रालाई बताएको जानकारी देवीरमणलाई दिइरहेका बेला अचानक सुभद्राको प्रवेश हुन्छ । केही समय सबै अवाक् हुन्छन् । सबैलाई आआफूले गल्ती गरेकामा पछुतो लाग्छ तापनि मिलन भएकामा सबै खुसी हुन्छन् । लक्ष्मीले क्षमायाचनासहित छोरालाई सुभद्राका हातमा राखिदिन्छिन् । केही समयपछि लक्ष्मीको मृत्यु हुन्छ । वातावरण कारुणिक बनेसँगै कथा समाप्त हुन्छ ।

गुरुप्रसाद मैनालीका अन्य कथामा जस्तै 'नासो'मा पनि लोकसंस्कृतिका विविध आयाम समेटिएका छन् । कथामा खासगरी लोकरीति, लोकधर्म, लोकसंस्कार, लोकविश्वास र लोकउपचारलाई राम्रा किसिमले चित्रण गरिएको छ । यसबाट हाम्रो विगतको समाज मात्र नभई वर्तमान समाजको पनि यथार्थ चित्र प्रस्तुत भएको देखिन्छ ।

### ३.१ लोकरीति

समाजमा परम्परादेखि चलेको चालचलनलाई लोकरीति भनिन्छ । 'नासो' कथामा नेपाली समाजमा प्रचलित चालचलन, रीतिरिवाज, समाजको मनोविज्ञानजस्ता पक्षको चित्रण पाइन्छ । यसमा मूलतः सनातन वैदिक धर्ममा विश्वास राख्ने ब्राह्मण परिवारलाई उभ्याइएको छ र निःसन्तान भएपछि उसलाई समाजले कसरी हेर्दछ भन्ने कुरा देखाइएको छ । यसका साथै समाजमा बालविवाह गर्ने,

डोलीमा राखेर दुलही अन्माउने आदि आफ्नै किसिमको परम्परा रहेको देखाइएको छ। उदाहरणका लागि छोटो कथांश, जस्तै :

> जोरीपारीसँग ठोकाबाजी पर्दा धन, बल-बुद्धि सबै कुरामा देवीरमरणको जीत हुन्थ्यो तर 'अपुतो'
>
> भनेको सुन्नेवित्तिकै उनको अभिमान धूलो हुन्थ्यो । आत्मग्लानिले पानी हुन्थे । पुराना विचारका मानिस थिए, सन्तानविना आफ्नो वैभवलाई तुच्छ सम्झन्थे । (पृ.१)

यस कथांशमा हाम्रो समाजको रीति र त्यसले पारेको प्रभाव देखाइएको छ । कुनै व्यक्ति अन्य सबै कुराले सम्पन्न भए पनि सन्तानको अभाव भएमा समाजले उसलाई अपुतो भनी हेय दृष्टिले हेर्ने चलन रहेको छ । सन्तान हुनु वा नहुनु, र जन्माउनु वा नजन्माउनु सम्बन्धित घरका श्रीमान् र श्रीमतीको कुरा हो । उनीहरूको चासोको कुरा हो तर हामीकहाँ सम्बन्धित व्यक्ति र उसको परिवारलाई भन्दा पनि समाजलाई बढी चासोको विषय हुने गरेको छ र त्यसको असर सम्बन्धित व्यक्तिलाई पर्ने गरेको छ । कथामा देवीरमणलाई सबैले अपुतो भन्न थालेका हुँदा उनलाई सबै कुराको सम्पन्नता भएर पनि विपन्न भएको जस्तो महसुस भएको छ । अर्कातर्फ देवीरमण आफै पनि पुराना विचारका भएका हुँदा उनले सन्तानविनाको वैभवलाई तुच्छ सम्झेका थिए । अर्को एउटा उदाहरण यथा :

> उनले विवाहविधि समाप्त गरे। दुलही अन्माउने बेलामा कन्यापक्षका मानिसले रुँदै दुलहीलाई डोलीमा हालिदिए । दुलही पनि डोलीमा रुन लागिन् । .... बाटामा बरियातहरू परस्पर ग्रामीण ठट्टा गरेर खित्का छाडी हाँस्थे । (पृ.२)

हाम्रो समाजमा विवाहका प्रकारमध्ये मागीविवाह नै मुख्य रूपमा प्रचलित छ। यो परम्परा ब्राह्मण समाजमा अझ बढी छ । देवीरमण पनि ब्राह्मण परिवारका भएकाले उनको दोस्रो विवाहसमेत मागीविवाहका रूपमा देखिएको छ । यसैले माइती पक्षका मानिसहरूले दुलही अन्माएर पठाएका छन् । विवाह खुसी वा हर्षको कार्य हो तापनि दुलही पक्षका मानिसले रुँदै अन्माउने चलन छ । यसका पछाडिको कारण एकातर्फ सानै उमेरमा विवाह गरिदिनु रहेको छ भने अर्कातर्फ प्रायः माइतमा भन्दा घरमा बुहार्तन सहन पर्ने अवस्था रहेको छ। यसका साथै यातायातका साधन नभएका कारण डोलीमा बोक्ने चलन रहेको पनि जनाइएको छ । आजको परिवेश फरक भए पनि कथा लेख्दाको दसकौं अघिको परिवेश कथामा चित्रण गरिएको जस्तै थियो । जन्तीले बाटामा ख्यालठट्टा गर्ने परम्परा अद्यापि छँदै छ । अर्कातिर नेपाली समाजमा बालविवाह गर्ने प्रचलन रहेको कुरा यस भनाइबाट पुष्टि हुन्छ- "बाह्रवर्षकी अबोध बालिकालाई ल्याएर उनी शून्य आकाशमा कल्पनातीत मनोमन्दिर निर्माण गर्न खोज्दथे । सायद ब्रह्मवादीहरू त्यसैलाई आशा-पाश या मृगतृष्णा भन्छन् क्यारे" (पृ.२) ? हिजोआज नेपाली समाजमा पाँचसात वर्षमा नै विवाह गरिदिने चलन नभए पनि

कानुनले तोकेको समयभन्दा अघि नै आफूखुसी विवाह गर्ने र घरपरिवारले पनि विवाह गराइदिने गरेको देख्नसुन्न पाइन्छ । सामाजिक रीतिबारे जानकारी दिने अर्को कथाप्रसङ्ग यस्तो रहेको छ :

> पाहुना-पासासँग कुराकानी गरेर देवीरमण अबेला कोठामा सुत्न गए । पानसमा कडुवा तेलको बत्ती बलिरहेको थियो । नयाँ दुलही खाटमनि ओछ्यानमा सुतेकी थिइन् । देवीरमण खाटमा पल्टे, उस ठाउँमा सुभद्राको ओछ्यान देखेनन् । अघि सुभद्राको ओछ्यान देवीरमणको खाटमनि हुन्थ्यो । आज उस ठाउँमा नदेख्दा बीसौं वर्षदेखि सुतिरहेको कोठा पनि देवीरमणलाई नौलो जस्तो लाग्यो । एक छिनपछि गृह-कृत्य समाप्त गरेर सुभद्रा कोठामा पसिन्, देवीरमणको गोडा मिच्न लागिन् । यो उनको दैनिक काम थियो । (पृ.३)

आजको सहरिया जीवन एकाकी र एकाङ्गी खालको छ तर ग्रामीण जीवन बढीभन्दा बढी समूहमा बाँचेको छ । एकअर्काको सहयोग र सद्भावबाट चलेको छ । पाहुना आउँदा दुःखसुख, सन्चोबिसन्चो आदि विषयमा राति अबेरसम्म गफगाफ गर्ने चलन छ । देवीरमणले यस प्रवृत्तिको अनुसरण गरेका छन् । गाउँघरमा सबैतिर आजभोलि त बिजुली पुगेको छैन भने आठनौ दशकअघि पुग्ने कुरै भएन । त्यतिबेला सल्लाको खोटो, बाती राखेर मट्टितेलबाट बाल्ने बत्ती, तोरीको तेल राखेर बालिने पानस आदिको प्रयोग गरिन्थ्यो । कडुवा तेलको बत्तीका प्रसङ्गले सोही पुराना कुराको सम्झना गराएको छ । उपर्युल्लिखित कथांशमा आएका खाट, खाटका मुनि श्रीमती सुत्ने ओछ्यान, बुहारीले राति अबेरसम्म गर्ने घरधन्दा, तेल लगाएर दैनिक श्रीमान्का गोडा मिचिदिने चलन आदि सबै कुरा तत्कालीन समाजको रीतिसँग जोडिएकाले कथामा सामाजिक रीतिलाई राम्रा किसिमसँग उतारिएको देखिन्छ । निम्नलिखित कथांशहरूले पनि सामाजिक रीतिबारे जानकारी गराएका छन् :

(अ) फुपूलाई सरकारबाट एउटा हण्डी बक्सेको रहेछ, त्यसबाट दुई जनाले गुजारा चलाएका छौं । घरको हाल कस्तो छ नौली ? (पृ.८)

(आ) मधुरो बत्तीको धमिलो उज्यालोमा नौली घर्तिनी पात गाँसिरहेकी थिई । नौली देवीरमणकी पुरानी चाकर्नी हो । (पृ.४)

(इ) पतिलाई दण्डवत् गरेर सुभद्रा लक्ष्मीको सिरानमा बसिन् । (पृ.११)

प्रस्तुत सन्दर्भमध्ये (अ) मा तीर्थक्षेत्रमा बसेका भक्त-भक्तिनीहरूलाई सरकारका तर्फबाट नियमित रूपमा सिधा दिने चलन रहेको जनाइएको छ भने (आ) मा पूजाआजाका लागि पात गाँस्ने अर्थात् दुनाटपरी लगाउने चलन रहेको र घर्तीघर्तिनालाई नोकरचाकरका रूपमा कजाउने चलन रहेको जनाइएको छ । (ग) मा आएको भनाइमा अभिवादनको शैली र परोपकारको पराकाष्ठाबारे जानकारी दिइएको छ । यसरी कथामा सामाजिक रीतिसँग सम्बन्धित विभिन्न सन्दर्भ उल्लेख गरिएको छ ।

### ३.२ लोकधर्म

नेपाली समाज धार्मिक दृष्टिले पनि उल्लेखनीय रहेको छ । कतिपय व्यक्तिले आफूलाई म नास्तिक हुँ भने पनि उनीहरूले समेत कुनै न कुनै रूपमा आफूलाई आस्तिकका रूपमा उभ्याएको पाइन्छ । नेपाली समाज बहुभाषिक र बहुजातीय हुनाका साथै बहुधार्मिक पनि रहेको छ । यहाँ खासगरी हिन्दु भनेर चिनिने वैदिक सनातन धर्मावलम्बी, बुद्धमार्गी र मुन्धुमअनुसार चल्ने धर्मावलम्बीहरूको बाहुल्य रहेको छ । प्रस्तुत कथामा खासगरी ब्राह्मणजाति र हिन्दु धर्मसँग सम्बन्धित विषय आएको छ । कतिपय कामकुरा गर्ने लोकको आफ्नै ढाँचा छ भने कतिपय कार्य वैदिक सनातन धर्मपद्धतिअनुसार सम्पन्न गरिएका देखिन्छन् । धर्मसँग जोडिएका विभिन्न सन्दर्भमध्ये एउटा सन्दर्भ यस्तो छ :

> घरमा चञ्चला श्री भइकन पनि देवीरमणका सन्तान थिएनन् । सन्तान होस् भन्नाका निमित्त हरएक उपाय गरे । चौतारो चिने, बाटो खने, पशुपतिमा महादीप बाले, गएसाल हरिवंश पुराण लगाए, तैपनि सुभद्राको कोख सफल हुन सकेन । (पृ.१)

प्रस्तुत उद्धरणमा सन्तानका लागि हरिवंश पुराण लगाइएको सन्दर्भ आएको छ। पौराणिक मान्यताअनुसार सन्तानका लागि गरिने कृत्यहरूमध्ये यो पनि एउटा हो । यसका साथै लोकमान्यताअनुसार चौतारो चिन्ने, बाटो खन्ने, पशुपतिमा महादीप बाल्नेजस्ता कार्य पनि सम्पादन गरिएको छ । यी सबै सन्दर्भबाट कथामा पात्रद्वारा लोकधर्म पालना भएको देखिन्छ। एक अर्का प्रसङ्गमा देवीरमणले भनेको यो भनाइ पनि लोकधर्मका दृष्टिले उल्लेखनीय रहेको छ- “भोगका लालसाले होइन धर्मका आज्ञाले विवाह गरेको हुँ” (पृ.२-३) । देवीरमणले दोस्रो विवाह गरेर घर फर्किँदै गर्दा व्यक्त गरेको यो भनाइ पनि हिन्दुधर्ममा आधारित छ । काजक्रिया, श्राद्ध, तर्पण आदि कर्मका लागि र मुक्तिका लागि छोरा चाहिने मान्यताका कारण दोस्रो विवाह गरेको हुँ, शारीरिक भोगका लागि होइन भन्ने उनको भनाइ पूर्वीय धर्मशास्त्रको मान्यतामा आधारित छ । अर्का एक ठाउँमा देवीरमण र सुभद्राका बिच कुरा हुँदा सुभद्राले भनेकी छन्- “भोलि एकादशी हो, सबेरै गण्डकी नुहाउन जान्छु” (पृ.३) । यो भनाइ पनि धर्मशास्त्रमा आधारित छ । पौराणिक ग्रन्थले निर्देश गरेअनुसार समाजमा एकादशीका दिन सम्भव भएसम्म गण्डकीमा स्नान गरी उपवास बस्ने चलन छ । यसलाई अनुसरण गरी सुभद्राले देवीरमणसँग आफू एकादशी स्नान गर्न जाने कुरा गरेकी हुन् । देवीरमणले पनि धर्मसम्बन्धी आफ्नो धारणा व्यक्त गरेका छन् । उनले तीर्थ जाने तयारीका क्रममा यसो भनेका छन् :

> देवीरमणलाई पनि तीर्थ गर्ने इच्छा भयो; मनमनले भने “पग चल्दै तीर्थ-बर्त नगरे कहिले गरुँला ? .... अघि गरेको हुँदो हुँ, अहिले एक मानाको सन्तोष छ । अहिले फेरि गर्न सके सन्तानका जरामा मल पर्ला; परत्र बन्ला” इत्यादि विचार गरेर देवीरमण तीर्थ जान तयार भए । (पृ.५)

देवीरमणको तीर्थ जाने इच्छाबाट उनी धार्मिक दृष्टिले सचेत रहेको बुझिन्छ । उनमा धर्मकर्ममा

विश्वास छ । उनी धर्मशास्त्रको मान्यताअनुसार नै अहिले गरेको राम्रो कामको सुप्रभाव अर्को जन्ममा पर्ने कुरामा विश्वस्त देखिन्छन् । "अघि गरेको हुँदो हुँ, अहिले एक मानाको सन्तोष छ । अहिले फेरि गर्न सके सन्तानका जरामा मल पर्ला; परत्र बन्ला" भन्ने भनाइबाट देवीरमणमा पनि धार्मिक भाव तीव्र रहेको बुझिन्छ । यसरी देवीरमण तथा सुभद्रा दुवै धार्मिक प्रवृत्तिका देखिएका छन् । यी दुवै पात्रका माध्यमले स्रष्टाले नेपालीहरूको धर्मसम्बन्धी विचार र व्यवहारको वास्तविक चित्र उतारेका छन् ।

### ३.३ लोकसंस्कार

संस्कारको अर्थ व्यापक छ। सामान्यतया संस्कार भन्नाले शुद्ध वा परिष्कार भन्ने बुझिन्छ। लोकले मानिस वा मानिसको समूह भन्ने अर्थ बुझाउने र संस्कृतिले परिष्कार भन्ने बुझाउने हुँदा समस्त शब्दका रूपमा लोकसंस्कारको अर्थ मानिसलाई शुद्ध वा परिष्कार गर्ने कार्य भन्ने बुझिन्छ। जाति, क्षेत्र, धर्म आदि कुराको भिन्नताका आधारमा शुद्ध गर्ने तरिका पनि भिन्न भिन्न किसिमका हुन्छन् । नासो कथा हिन्दु धर्म मान्ने ब्राह्मणजातिसँग सम्बन्धित भएकाले यहाँको लोकसंस्कार पनि सोही जातिमा आधारित छ। सो धर्मअनुसार संस्कारको सङ्ख्या दुई दर्जनभन्दा बढी भए पनि गर्भाधानदेखि मृत्युसम्मका सोह्रवटा संस्कारलाई विशेष महत्त्व दिइएको छ (सापकोटा, २०७७, पृ.१८) । तिनमध्ये कथामा बढी मात्रामा विवाह र मृत्यु संस्कारसँग सम्बन्धित कुरा आएका छन् । उदाहरणका लागि कथाबाट केही अंश, जस्तै :

> फागुन महिनाको बिहानीपखको सिरेटो मुटु छेड्ला भनेजस्तो गर्थ्यो । देवीरमण मण्डपमा बसेका थिए । नयाँ दुलही पनि एकै आसनमा थिइन् । ब्राह्मणहरू ऋचा पढेर आग्नमा आहुति दिइरहेका थिए । प्रारव्धले यो उमेरमा उनलाई फेरि दुलाह बनायो । (पृ.२)

प्रस्तुत उद्धरणमा दिइएअनुसार देवीरमण विवाहसंस्कारमा जुटेका छन् । ब्राह्मणजातिमा प्रचलित वैदिक विधिअनुसार उनी मण्डपमा बसेका छन् । दुलही लक्ष्मी पनि सँगै बसेकी छन् । ब्राह्मणहरूले वैदिक मन्त्रद्वारा हवन गरिरहेका छन् । यसरी वैदिक धर्मअनुसार विवाहसंस्कार सम्पन्न गरेको देखाइएकाले कथामा लोकसंस्कारलाई विशेष स्थान दिएको देखिन्छ। यसले गर्दा कथा लोकसंस्कृतिका दृष्टिले पठनीय र विश्लेषणीय बनेको छ । सुभद्राद्वारा व्यक्त यस भनाइमा पनि संस्कारको कुरा आएको छ,,जस्तै- "जेसुकै होस्, ईश्वरले बीसासय आयु गरिदिऊन्, फलेफुलेको देख्न पाइयोस्, सन्तान भए करले पनि एक अँजुली पानी देला, यिनका हातकाखमा सास जाओस्, सबभन्दा ठुलो सन्तोष यही हो, नौली" (पृ.४) ! आफ्नो सन्तान नभए पनि र सौताले जेजस्तो व्यवहार गरे पनि मर्ने बेलामा पानी दिने काम सौताको छोरा सुशीलले गरोस् भन्ने कामनासहित सुभद्राले उसलाई बिसासय आयु होस् भनी आशीर्वाद दिएकी छन् । यसप्रकार कथामा लोकको संस्कारलाई महत्त्वका साथ स्थान दिइएको छ ।

### ३.४ लोकविश्वास

कुनै पनि वस्तु, घटना आदि सत्य वा तथ्य नभए पनि तत्सम्बन्धमा लोकले सत्यतथ्यका रूपमा लिने विश्वासलाई नै लोकविश्वास भनिन्छ। "लोकविश्वासअन्तर्गत विश्वब्रह्माण्ड, प्रकृति, पशुपक्षी, रुखपात, दिन, महिना, स्वप्न, सकुन आदि बारेमा लोकप्रचलित विश्वासहरू र भूत, प्रेत, डाकिनी, बोक्सी, जादू, धामी, झाँक्री आदि जनविश्वास एवम् तीसँग सम्बन्धित लोकव्यवहारहरू पर्दछन्" (बन्धु, २०५८, पृ.१५)। लोकविश्वास शब्दले संसारभर प्रचलित व्यवहारको विश्वासलाई जनाउने र समाजमा लोकविश्वासका भरमा धार्मिक, सामाजिक तथा सांस्कृतिक क्रियाकलाप सम्पादन गरिने भएकाले मानिसले गर्ने प्रत्येक व्यवहारमा लोकविश्वासको सन्दर्भ सहज रूपमा उपस्थित भएको देखिन्छ (पौड्याल, २०७८, पृ.३०-३१)। यस कथामा लोकविश्वासका विभिन्न सन्दर्भको प्रयोग गरी नेपाली समाजको विश्वाससम्बन्धी धारणा कस्तो छ भन्ने कुराको जानकारी दिइएको छ। उदाहरणका लागि कथाबाट केही अंश जस्तै :

> मानिस बलेकै आगो न ताप्छन्। जसलाई परमेश्वरले ठगेको छ, उसलाई मानिस पनि हेला गर्छन्। ओहो ! संसार पनि कति मतलबी छ ! यस्तै तर्क गर्दै सुभद्रा धेरै बेरसम्म एक्लै रोइरहिन्। (पृ.६)

देवीरमणले सुभद्रालाई एक वचन पनि नसोधी कान्छी श्रीमतीलाई तीर्थाटनमा सँगै लिएर गएपछि सुभद्राका मनमा विभिन्न कुरा खेलिरहेका बेला माथिको भाव व्यक्त गरिएको हो। लोकविश्वास के रहेको छ भने कसै कसैलाई भगवान्ले पनि ठग्छन् वा हेर्दैनन्। खासगरी जसलाई मानिसले हेप्छन् उसलाई भगवान्ले पनि बेवास्ता गरेका हुन्छन्। यसरी समाजमा कसैले सुख पाउँदा भगवान्का कृपाले भन्ने र दुःख पाउँदा भगवान्ले ठगेर दुःख पाएको भन्ने जनविश्वास रहेको छ।

घरमा सधैँ सौता सौताबिच झगडा भएपछि र देवीरमणले पनि आफ्ना पक्षमा नबोलिदिएपछि एक रात घरबाट भाग्ने तयारीका क्रममा सुभद्राका मनमा यस्तो विचार आएको छ :

> सुभद्राले आँगनमा आएर हेरिन्, एक छिनपछि त्यो विशाल नभस्थलबाट एउटा लामो ज्योति सल्ल बगेर तलतिर खस्यो। किन्तु यो कालो पृथ्वीमा झर्न नपाउँदै बिचैमा लुप्त भयो। अघि शैशवकालमा एक पटक यस्तै दृश्य देखेकी थिइन्। उस बखत आमासँग सोद्धा "आकाशका देवगण हुन्, पुण्य सिद्धिनाले स्वर्गबाट पतन भएका" भन्ने जवाफ मिलेथ्यो। आज उही कुरा सम्झिन्, मनमनले भनिन्- "हो ! यो आकाशमा बसेर केही दिन पुण्यभोग गर्ने देवताका झैँ म पनि आज सल्ल बगेँ। यिनीहरू पुण्य समाप्त भएपछि स्वर्गबाट चिप्लेर खस्छन्, हामी भोक, प्यास, दुःख, पीरले निस्तेज तथा ढलमल भएर पृथ्वीको पृथ्वीमै खस्छौँ। .... देवताचाहिँ पुण्यभोगी हुनाले यो पापपूर्ण जगत्मा खस्नुपर्ला भनेर बिचैमा अलप हुन्छन्, मानिसहरूमा र देवतामा केवल यत्ति अन्तर न छ ! (पृ.७)

यसरी आमाले भनेका कुरालाई आधार बनाएर सुभद्राले आफ्नो दुःख पोख्ने क्रममा देवता र मानिसका बिचको भिन्नताबारे व्यक्त गरिएको भनाइ पनि लोकविश्वासमा आधारित छ। देवताहरू पुण्य सिद्धिएपछि स्वर्गबाट झर्छन् भन्ने कुरा र उनीहरू पुण्यभोगी भएकाले पापपूर्ण यस जगत्मा खस्नुपर्ला भनेर बिचैमा अलप हुन्छन् भन्ने कुरा लोकमान्यतामा आधारित छन् । वातावरणलाई कारुणिक बनाएर कथालाई प्रभावोत्पादक बनाउनका लागि यसरी कथाकारले सुभद्रामार्फत माथिका भनाइ राखेका हुन् । कथामा अर्को एउटा प्रसङ्गमा भनिएको छ- "ज्योतिषीहरू देवीरमणलाई अर्को विवाह गर्न सल्लाह दिन्थे" (पृ.१) । यस भनाइबाट पनि लोकविश्वास प्रकट भएको देखिन्छ । सन्तान नहुनाका पछाडि पुरुषको कमजोरी हुन सक्छ तर समाजमा यसतर्फ विचारविमर्श नै नगरी सौताने ग्रहका कारण सन्तान नभएको हो भन्ने ठान्ने र महिलाको नै कमजोरी हो भन्ने ठान्ने जुन सोचाइ छ यो पनि लोकविश्वासमा नै आधारित छ। यसलाई वैज्ञानिक दृष्टिले पुष्टि गर्न सकिँदैन ।

### ३.५ लोकउपचार

विज्ञानसम्मत नभए पनि लोकले परम्परादेखि विश्वास गर्दै आएको उपचारको पद्धति नै लोकउपचार पद्धति हो । प्रस्तुत कथामा लोकउपचारका विभिन्न उपायबारे उल्लेख गरी तत्कालीन समाजको वास्तविकता दर्साइएको छ। यस पद्धतिको जुन सन्दर्भमा जसरी प्रयोग गरिएको छ त्यसबाट कथा यथार्थवादी बन्नाका साथै रोचक पनि बनेको छ। कथामा सन्तानका लागि निम्नलिखित किसिमको उपचारपद्धति अवलम्बन गरेको देखाइएको छ :

> छिमेकका आइमाईले छोरा-छोरी खेलाएको देखेर उनलाई रहर लाग्थ्यो । सन्तानका आशाले सरल नारीस्वभाववश धामी-झाँक्रीको बुटी-जन्तर बाँधिन्, देवी-देवताका भाकल गरिन् । तीर्थ, व्रत, पूजा, पाठ पनि गरिन्। तर, दैवले नसुनिदिएपछि कसको के लाग्दो रहेछ र ? (पृ.१)

कथामा सुभद्राका कोखबाट धेरै वर्षसम्म सन्तान नभएपछि लोकउपचार पद्धति अपनाइएको छ । हरिवंश पुराण लगाउनेलगायतका अनेक धार्मिक कर्मबाट पनि सन्तान नभएपछि देवीरमणका साथै सुभद्रा पनि खिन्न भएकी छन् । अझ घरवरपरका महिलाहरूले छोराछोरी खेलाएको देखेपछि उनमा सन्तान अभावको पीडा झन् बढ्दछ । अतः सन्तानको आशासहित पीडा शमन गर्नका लागि सुभद्राले धामी-झाँक्री बसाल्ने, बुटी-जन्तर बाँध्ने, देवीदेवतालाई भाकल गर्ने र तीर्थव्रत तथा पूजापाठ गर्ने कार्य गरिन् तापनि सन्तान भएनन्। अन्ततः देवीरमणले सन्तानका लागि भनेर दोस्रो विवाह गरे। यसप्रकार नेपाली समाजमा लोकउचारलाई प्राथमिकता दिने चलन रहेको कुरा कथाले देखाएको छ।

यसरी 'नासो' कथामा नेपाली समाजमा प्रचलित संस्कृतिका विविध आयामको उल्लेख गरिएको छ। कथामा उपर्युल्लिखित सन्दर्भबाहेक पनि लोकरीति, लोकविश्वास र लोकधर्मसँग सम्बन्धित छोटा छोटा अंश धेरै नै उल्लेख गरिएको पाइन्छ तापनि यहाँ मुख्य सन्दर्भको मात्र चर्चा गरिएको छ ।

## ४. निष्कर्ष

गुरुप्रसाद मैनालीद्वारा लिखित *नासो* (२०२६) कथासङ्ग्रहमा सङ्गृहीत एघारवटा कथामध्येको एउटा कथा 'नासो' हो । यो कथा लोकसंस्कृतिका दृष्टिले अध्ययनीय छ । लोक शब्दका अर्थ धेरै भए पनि यसले मुख्यतः स्थान वा जनसमुदाय भन्ने अर्थ बुझाउँछ भने संस्कृतिले खारिएको वा माझिएको कार्य भन्ने अर्थ जनाउँछ । यी दुवै शब्दका योगबाट निर्मित लोकसंस्कृति शब्दले समाज वा लोकमा चलेको व्यवहार भन्ने अर्थ बुझाउँछ । छोटकरीमा भन्दा लोकरीति, लोकविश्वास, लोकधर्म आदि विषयपक्षको समष्टि रूप नै लोकसंस्कृति हो । यस दृष्टिले 'नासो' कथा हेर्दा लोकसंस्कृति जनाउने लोकरीति, लोकधर्म, लोकविश्वास, लोकसंस्कार र लोकउपचार पद्धतिबारे मुख्य रूपमा उल्लेख भएको छ । प्रस्तुत कथामा ग्रामीण क्षेत्रमा बस्ने मध्यवित्त ब्राह्मण परिवारमा सन्तान नहुनुलाई कसरी हेरिन्छ र सन्तान प्राप्तिका लागि केकस्ता उपाय अवलम्बन गरिन्छ भन्ने कुराको यथार्थ चित्र प्रस्तुत गरिएको छ । यसका साथै घरपरिवारमा यदाकदा मनोमालिन्य भए पनि अन्त्यमा मेल हुने नेपाली समाजको सांस्कृतिक विशेषता रहेको कुरा पनि जनाइएको छ । निष्कर्षतः कथा लोकसंस्कृतिका विविध आयाम अङ्कनका दृष्टिले सफल र सुन्दर छ ।

## सन्दर्भ सामग्रीसूची


थापा, धर्मराज र सुवेदी, हंसपुरे (२०४१), *नेपाली लोकसाहित्यको विवेचना,* काठमाडौँ : पाठ्यक्रम विकास केन्द्र त्रि. वि. ।

पराजुली, कृष्णप्रसाद (२०५७), *नेपाली लोकगीतको आलोक,* काठमाडौँ : वीणा प्रकाशन प्रा.लि. ।

पौड्याल, षडानन्द (२०७८), *नेपाली लोकविश्वास,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०५८), *नेपाली लोकसाहित्य,* काठमाडौँ : एकता बुक्स ।

मैनाली, गुरुप्रसाद (२०५१), *नासो,* चौथो संस्क, काठमाडौँ : साझा प्रकाशन ।

लामिछाने, कपिलदेव (२०७७), *लोकसाहित्य सिद्धान्त,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

सापकोटा, कृष्ण (२०७७), 'सोह्रसंस्कारबाहेकका संस्कारहरू', *वैदिक सनातन प्रभा,* वर्ष ३, अङ्क ३, पृ. १७-३२ ।